*UW-Madison* का कर्मचारीहरू,

*Dane* काउन्टीका *K-12* स्कूलहरू पहिले योजना बनाए अनुसार यस हप्ताको पछिल्तिर नभइ, अप्रिल ३ सम्म, तुरुन्तै बन्द हुने सूचना, *UW-Madison* ले आइतवार दिउँसो पायो। हामीले बुझेका छौँ कि यस बदलले *K-12* विद्यार्थी वा स्थानीय चाइल्डकेयर केन्द्रहरूमा बच्चाहरू भएका हाम्रा धेरै कर्मचारीहरूलाई असर गर्नेछ।

यसबाहेक, देशभरी र *Dane* काउन्टीमा केसहरूको सङ्ख्या बढ्ने क्रममा सङ्क्रमित व्यक्तिहरूको सङ्ख्यमा उल्लेखनीय वृद्धि हुने अपेक्षा स्वास्थ्य विशेषज्ञहरूले गर्दछन्। यी दुवै कारणहरूले गर्दा हामीले तलका उपायहरू अपनाएका छौँ।

यस ईमेलको माध्यमबाट, स्कूल, कलेज र युनिटहरूलाई आमने सामने सम्पर्क कम गर्ने प्रयासमा, क्याम्पसको *telecommuting* नीति लागु गर्न निर्देशित गरिन्छ।

- *Telecommuting* मार्फत आफ्नो कामका जिम्मेवारीहरू पुरा गर्न सक्ने कर्मचारीहरूलाई सुपरभाईजरको सल्लाह लिएर सकेसम्म चाँडो ती बन्दोबस्तहरूमा मोडिन प्रोत्साहन गरिन्छ।

- कर्मचारीहरू जसले घरै बसेर आफ्नो कर्तव्यहरू पुरा गर्न सक्दैनन् वा आफ्नो सुपरभाईजरसँग *telecommuting* गर्ने योजना तयार पारेका छैनन्, वहाँहरूलाई अन्यथा निर्देशन नदिइएसम्म, भोलि सामान्य रूपमा काममा रिपोर्ट गर्न आग्रह गरिन्छ।

- म्यानेजरहरूलाई हालसालै घोषित बन्दहरूबाट प्रभावित कर्मचारीहरूसँग सम्भव भएसम्म लचिलो हुन र आमने सामने अन्तर्क्रिया कम गर्ने समाधानहरू तर्फ बढ्न निर्देशित गरिन्छ।

- क्याम्पस चाइल्डकेयर केन्द्रहरूमा भर्ना भएका परिवारहरूलाई बेग्लै सञ्चारबाट जानकारी प्रदान गरिनेछ।

नोट गर्नुहोला कि जनस्वास्थ्य अधिकारीहरूको निरन्तर मार्गदर्शनको आधारमा *UW-Madison* ले आगामी हप्तामा परिचालनको कमी र कर्मचारीहरूको अभाव हुने अपेक्षा गर्दछ।

यसको अपेक्षामा, परिचालन घटाइएको अवस्थामा पनि परिचालन कायम राख्नका लागि काममा रिपोर्ट गर्न आवश्यक कर्मचारीहरूको पहिचान र वहाँहरूलाई जानकारी गराउन सुरु गर्न, म्यानेजरहरूलाई आग्रह गरिन्छ। यस र बिदाका नीतिहरूका बारेमा निर्णय तय भएपछि थप जानकारी प्रदान गरिनेछ।

*COVID-19* फैलनका कारण तपाईँको व्यक्तिगत र व्यावसायिक जीवनमा आएका चुनौतिहरू मैले बुझेको छु। क्याम्पसमा रिपोर्ट गर्न जारी राख्ने कर्मचारीहरूले कृपया थाहा पाउनुहोस् कि हामी तपाईँको स्वास्थ्य र भलाईलाई गम्भीर रूपमा लिँदछौँ। हामीले हाम्रो स्थानहरूको सुरक्षा सक्रियताका साथ मूल्याङ्कन गर्दैछौँ, र क्याम्पसमा रिपोर्ट गर्न आवश्यकता भएका कर्मचारीहरूको बारेमा अपडेटहरू प्रदान गर्न जारी राख्नेछौँ।

अपडेटहरूको लागि, कृपया क्याम्पसको http://covid19.wisc.edu वेबसाईट भ्रमण गर्दै गर्नुहोला।

तपाईँको लचिलोपन र युनिभर्सिटी सेवाका लागि अग्रिम धन्यवाद—हामीलाई थाहा छ कि परिस्थिति तीव्र गतिमा बदलिरहेको छ र हामी ठूलो अनिश्चितताको समयमा छौँ। हामी तपाईँलाई सूचित राख्न सक्दो प्रयास गर्नेछौँ।

कृपया आफ्नो शारीरिक र मानसिक स्वास्थ्यको ख्याल राख्नुहोला।

कुलाधिपति Rebecca Blank